# स्थानीय राजपत्र

## घोराही उपमहानगरपालिका

## लुम्बिनी प्रदेश, घोराही दाङ ।

### दिगो तथा सम्मानित रोजगारीका लागि सीप परियोजना कार्यान्वयन कार्यविधि २०७९

**प्रस्तावना**

नेपाल सरकार र स्वीट्जरल्याण्ड सरकारबीच सम्झौता भई कार्यान्वयनमा आएको दिगो तथा सम्मानित रोजगारीका लागि सीप परियोजनाअन्तर्गत घोराही उपमहानगरपालिकामा सङ्घीय सरकारबाट सशर्त अनुदान हस्तान्तरण भई सञ्चालन हुने विभिन्न कार्यक्रमहरुको प्रभावकारी ढङ्गले कार्यान्वयन गरी परियोजनाको लक्ष्य हासिल गर्न सहयोग पुर्याउने उद्देश्यले कार्यपालिकाले यो दिगो तथा सम्मानित रोजगारीका लागि सीप परियोजना जारी गरेको छ ।

**परिच्छेद – एक**

**प्रारम्भिक**

१. संक्षिप्त नाम र प्रारम्भः-

क) यो कार्यविधिको नाम **दिगो तथा सम्मानित रोजगारीका लागि सीप परियोजना कार्यान्वयन कार्यविधि** २०७९रहेको छ।

ख) यो कार्यविधि घोराही उपमहानगरपालिका नगर कार्यपालिकाले पारित गरेको मितिबाट लागु हुनेछ ।

२. परिभाषाः- विषय वा प्रसंगले अर्को अर्थ नलागेमा यस कार्यविधिमा

क) "इन्स्योर " भन्नाले दिगो तथा सम्मानित रोजगारीका लागि सीप परियोजनाको अंग्रेजी रुपान्तरणको छोटो रुप सम्झनुपर्छ।

ख) "इन्स्योर फोकल पर्सन " भन्नाले इन्स्योर परियोजनासम्बन्धी काम गर्ने फोकल पर्सनको जिम्मा पाएको सामाजिक विकास महाशाखाको कर्मचारीलाई सम्झनुपर्छ ।

ग) "दोस्रो चरण " भन्नाले दिगो तथा सम्मानित रोजगारीका लागि सीप परियोजनाको दोस्रो चरण अर्थात इ.सं. २०२१ देखि इ.सं. २०२५ सम्मको अवधिलाई सम्झनुपर्छ ।

घ) "परियोजना " भन्नाले दिगो तथा सम्मानित रोजगारीका लागि सीप परियोजनालाई सम्झनुपर्छ ।

ङ) "परियोजना " कार्यान्वयन समिति भन्नाले दिगो तथा सम्मानित रोजगारीका लागि सीप परियोजनाअन्तर्गतका कार्यक्रमहरुको प्रभावकारी कार्यान्वयनका लागि घोराही उपमहानगरपालिकामा रहने समितिलाई सम्झनुपर्छ ।

च) "महाशाखा प्रमुख " भन्नाले सामाजिक विकास महाशाखा प्रमुखलाई सम्झनुपर्छ ।

छ) वित्तीय व्यवस्थापन महाशाखा " भन्नाले घोराही उपमहानगरपालिकाको आर्थिक प्रशासन हेर्ने महाशाखालाई सम्झनुपर्छ।

ज) "सामाजिक विकास महाशाखा " भन्नाले घोराही उपमहानगरपालिकाको शिक्षा, युवा तथा खेलकुदसम्बन्धी कार्यक्रम हेर्ने महाशाखालाई सम्झनुपर्छ ।

झ) "स्थानीय तह" भन्नाले घोराही उपमहानगरपालिकालाई सम्झनुपर्छ ।

## परिच्छेद- दुई

## उद्देश्य

३. यस कार्यविधिको उद्देश्य दिगो तथा सम्मानित रोजगारीका लागि सीप परियोजना (इन्स्योर परियोजना) दोस्रो चरण अन्तर्गत स्थानीय तहबाट सञ्चालन हुने गरी सङ्घीय सरकारबाट वित्तीय हस्तान्तरण भई घोराही उपहानगरपालिकालाई प्राप्त कार्यक्रमहरु प्रभावकारी ढङ्गले कार्यान्वयन गर्नु रहेको छ ।

## परिच्छेद- तीन

परियोजना कार्यान्वयन समिति तथा काम, कर्तव्य र अधिकार

४. घोराही उपमहानगरपालिकामा परियोजनाका कार्यक्रमहरुको प्रभावकारी कार्यान्वयन गर्न स्थानीय तह स्तरीय परियोजना कार्यान्वयन समिति देहाय बमोजिम रहनेछः

| | |
|---|---|
| नगर प्रमुख | संयोजक |
| प्रमुख प्रशासकीय अधिकृत | सदस्य |
| सामाजिक विकास समिति संयोजक | सदस्य |
| सामाजिक विकास महाशाखा प्रमुख | सदस्य |
| वित्तीय व्यवस्थापन महाशाखा प्रमुख | सदस्य |
| सामाजिक विकास महाशाखाका अधिकृतहरुमध्ये महाशाखा प्रमुखले तोकेको एक जना | सदस्य |
| इन्स्योर फोकल पर्सन | सदस्य सचिव |

क) परियोजना कार्यान्वयन समितिको बैठकमा आवश्यकता अनुसार विशेषज्ञ, सम्बन्धित शाखा प्रमुख र अन्य व्यक्तिहरुलाई आमन्त्रण गर्न सकिनेछ ।

ख) समितिको बैठक आवश्यकता अनुसार बस्नेछ ।

ग) समितिको बैठक संयोजकको निर्देशन बमोजिम सदस्य सचिवले बोलाउनेछ ।

घ) समितिको बैठकसम्बन्धी अन्य कार्यविधि समिति आफैले निर्धारण गरेबमोजिम हुनेछ ।

५. परियोजना कार्यान्वयन समितिका काम,कर्तव्य र अधिकार ःपरियोजना कार्यान्वयन समितिका काम, कर्तव्य र अधिकार देहायबमोजिम हुने छन् ः

क) परियोजना अन्तर्गतका कार्यक्रम कार्यान्वयनको ढाँचा निर्धारण गर्ने

ख) परियोजना कार्यान्वयनमा सहयोग पुर्याउन उपसमितिगठन गर्ने

ग) कार्यगत अभ्याससहितको तालिमको विषय छनोट गर्ने

घ) वृत्ति मार्ग निर्देशन कार्यक्रम सञ्चालन गर्न उपयुक्त विद्यालय छनोट गर्ने

ङ) परियोजना अन्तर्गतका कार्यक्रमहरुको कार्यान्वयनको अनुगमन गर्ने

च) परियोजना कार्यान्वयनका क्रममा आइपरेका समस्या समाधान गर्न उचित निर्णय गर्ने

## परिच्छेद- ४

## परियोजनाअन्तर्गतका कार्यक्रम कार्यान्वयन प्रकृया

६. कार्यगत अभ्याससहितको तालिम सञ्चालन ः कार्यगत अभ्याससहितको तालिम सञ्चालन प्रकृया देहाय बमोजिम हुनेछः

क) उद्योग र रोजगारदाताको समेत धारणा बुझी प्राविधिक शिक्षा तथा व्यावसायिक तालिम परिषदले पाठ्यक्रम स्वीकृत गरेका विषयहरुमध्ये बजारको मागअनुसारको विषय छनोट गर्ने।

ख) तालिममा सहभागी छनोटका लागि आवेदन माग गर्दा घोराही उपमहानगरपालिका क्षेत्रबाट कोटा पूरा हुने गरी आवेदन नपरेमा मात्र अन्य क्षेत्रका व्यक्तिहरुका लागि आवेदन खुला गर्ने।

ग) तालिम सञ्चालन सम्बन्धी अन्य कुरा स्थानीय परिवेश अनुकूल हुने गरी कार्यगत अभ्याससहितको तालिम कार्यक्रम कार्यान्वयन पुस्तिका २०७४ (संशोधनसहित) बमोजिम हुने।

७. वृत्ति मार्गनिर्देशन कार्यक्रम सञ्चालन ः वृत्ति मार्गनिर्देशन कार्यक्रम सञ्चालन प्रकृया देहाय बमोजिम हुनेछः

क) घोराही उपमहानगरपालिका भित्रका सबै सामुदयिक माध्यमिक विद्यालयहरु समेटिने गरी वृत्ति मार्गनिर्देशन कार्यक्रम सञ्चालन हुने विद्यालय छनोट गर्ने।

ख) छनोट भएका विद्यालयमा वृत्ति मार्गनिर्देशन कार्यक्रम सञ्चालनका लागि शिक्षकलाई तालिम प्रदान गर्न हेल्भेटास नेपालसँग समन्वय गर्ने।

८. परियोजनाअन्तर्गतका अन्य कार्यक्रमहरु सामाजिक विकास महाशाखाले प्रचलित कानुनबमोजिम कार्यान्वयन गर्ने गराउने।

## परिच्छेद-५
## विविध

९. सामाजिक विकास महाशाखाको भूमिकाः सामाजिक विकास महाशाखाको भूमिका देहाय बमोजिम हुनेछ :

क)परियोजना अन्तर्गतको वार्षिक कार्यक्रम र बजेट तयार गरी सम्बन्धित निकायमा पेश गर्ने।

ख) परियोजना अन्तर्गतका कार्यक्रमहरुलाई कार्यान्वयनमा लैजाने।

ग) परियोजना अन्तर्गतका कार्यक्रमहरुको प्रभावकारी कार्यान्वयन गर्न नियमित अनुगमन गर्ने।

घ) परियोजनाको कार्यान्वयन सम्बन्धमा हेल्भेटास नेपाल लगायतका संघ संस्था, निजिक्षेत्र तथा अन्य निकायसँग समन्वय गर्ने।

१०. संशोधन तथा परिमार्जनः यस कार्यविधिमा उल्लेख भएको कुनै व्यवस्था प्रचलित अवस्था अनुकूल बनाउन परेमा संशोधन तथा परिमार्जन गर्ने अधिकार कार्यपालिकालाई हुनेछ।

११. बाझिएमा अमान्य हुनेः यस कार्यविधिमा उल्लेख भएको कुनै व्यवस्था प्रचलित कानुनसँग बाँझिएमा बाँझिएको हदसम्म कार्यविधिको व्यवस्था अमान्य हुनेछ।

आज्ञाले,

भोजराज घिमिरे

प्रमुख प्रशासकीय अधिकृत